# लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## शितगंगा नगरपालिकाका

## आर्थिक वर्ष २०८१/०८२ को

प्रतिवेदन प्राप्त गर्नेः शितगंगा नगरपालिका, अर्घाखाँची



प्रतिवेदन तयार गर्नेः रीमा बि.सी. लैङ्गिक विषय विज्ञ

विषयसूची


परिचय खण्ड
१.पुष्ठभूमि. १
२.अध्ययनको महत्व २
३.लैङ्गिक बजेट परीक्षणको उद्देश्यहरु ३
४.लैङ्गिक परीक्षणले समेटने क्षेत्रहरु ३
५.लैङ्गिक परीक्षणको विधि र प्रकृया. ४
६.लैङ्गिक परीक्षणका सहभागीहरु ६
तथ्यांक प्रस्तुतीकरण खण्ड ९
७.तथ्यांङ्ग प्रस्तुतीकरण र व्याख्या विभिन्न तालिकाहरुमा ९
विशेष खण्ड
८.लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु. ९
९.लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तीहरु ९
मुख्य (Findings)
१०.लैससास बजेट परीक्षण विधिबाट देखिएका लैससासको अवस्था १०
१०.१. परीक्षण पश्यात सूचकहरुले प्राप्त गरेका अंक १०
१०.२.लैङ्गिक परीक्षण नतिजाको माकुरे जालो ११
११.स्थानीय तहमा लैससास परिक्षणका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु १६
१२. लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्ययोजना २२
१३. सिकाई तथा चुनौतीहरु २६
१४ अनुसूचीहरु २७
अनुसूची १ कार्यदल गठन २७
अनुसूची २ कार्यान्वयन समिती २८
कार्यकममा खिचिएका तस्वीहरु २९
निश्कर्ष ३१
सुझावहरु. ३१

## १.पृष्ठभूमी

नेपालको संविधानले दिशा निर्देश गरे बमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयगतरूपमा लैंगिक समानता र सामाजिक समावेशीकरण (लैससास) को बिषयलाई आन्तरिकीकरण, मूलप्रवाहिकरण र संस्थागत गर्न आवश्यक भएको छ । नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैबाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ . नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक बिभेदको व्यवस्था गरेको छ।संविधानले महिला बिरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा बर्ग, सिमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले बिपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसाथ गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ । सन् २०१५ को सेप्टेम्वरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ बटा लक्ष्य र १६९ बटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ्य जीवन यापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदायहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो बिकास लक्ष्यले व्यक्तिको मर्यादालाई बिकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रक्रियामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो बिकास लक्ष्य सामाजिक, आर्थिक र बातावरणिय बिकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका बिभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारी मार्फत सम्भव छ भनि प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपूर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ। पन्धौं योजनाको आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका बिषयहरुलाई छुट्टै शिर्षकका

रुपमा राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा नगरपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथापि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालबिवाह, बहुबिवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरिति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको, स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम जोड दिँदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ । यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । यसै सन्दर्भमा स्थानीय तहद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ अनुसार को "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण" सम्पन्न गरिएको थियो ।

## २. अध्ययनको महत्व

यस नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यविधि २०७६ ले पालिकाको लैससास क्षेत्रलाई प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । पालिकाले बस्तीस्तरबाट योजनाहरुको छनौट देखि प्राथमिकिकरण हरेक चरणहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अर्न्तरगत कार्यान्वयन गरिनु पर्ने क्रियाकलापहरुमा थप प्रभावकारिता ल्याउनको लागि पनि लैससास परिक्षणको आवश्यकता रहेको छ । नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । तत् सर्न्दभमा यस शितगंगा नगरपालिकाले तर्जुमा गर्ने नीति, कार्यक्रम तथा बजेट, बार्षिक योजना तर्जुमा प्रकृया, आयोजना व्यबस्थापन तथा कार्यान्वयन, र अनुगमन तथा मुल्याङ्कन गर्ने क्रममा संघीय, प्रदेश तथा स्थानीय सरकारले अवलम्बन गरेको राष्ट्रिय तथा प्रादेशिक निति बमोजिम तय भएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यक्रमहरुको कार्यावन्यन के कस्तो अवस्थामा रहेको छ, के कस्ता पक्षहरु राम्रा छन्, के कस्ता पक्षहरु सुधार गर्नु पर्ने हुनसक्छ र कस्ता खालको कार्यक्रमहरु तर्जुमा गर्दा लैससास सम्बन्धि सवालहरु सम्बोधन गर्न सकिन्छ भनेर योजनाबद्ध रुपमा कार्ययोजना

बनाएर अघि बढ्नको लागि यस शितगंगा नगरपालिकाले लैससासको हालको अवस्था मुल्याङ्कन तथा पहिचान गर्न स्व-लेखाजोखा गर्न आवश्यक ठहर गरेको छ ।

## ३. लैङ्गिक बजेट परीक्षणको उद्देश्यहरु

- नेपालको संविधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ मा भएको लैङ्गिक समानता सामाजिक समावेशीकरण परिक्षण निर्देशिका २०७६ ले व्यवस्था बमोजिम स्थानीय तहले अङ्गिकार गरेको नीतिगत व्यवस्था र यसको कार्यान्वयनको अवस्थाको स्व-लेखाजोखा गर्न । शितगंगा नगरपालिका भित्र ''लैससास'' कार्यन्वयनको वर्तमान अवस्थाको बिश्लेषण गर्न ।
- शितगंगा नगरपालिकाको वार्षिक निति तथा कार्यक्रममा ''लैससास''का सवालहरुलाई समेट्न
- शितगंगा नगरपालिकाको ''लैससास'' सम्वन्धित राम्रा पक्षहरुलाई अझ प्रभावकारी तवरले बढवा दिन ।
- शितगंगा नगरपालिका का ''लैससास'' सम्वन्धि सुधार गर्नु पर्ने पक्षहरुलाई बिषेश कार्ययोजना बनाएर सम्बोधन गर्न ।
- शितगंगा नगरपालिकाको ऐन, नियम, नियावली, नति तथा कार्यक्रमहरुलाई ''लैससास'' मैत्री बनाउन ।
- लैसअसास दिगो विकासका लागी कार्य योजना बनाएर काम गर्न ।

## ४. लैङ्गिक परीक्षणले समेटने क्षेत्रहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा नगरपालिकाको उपलब्ध विभिन्न दस्तावेजहरुको अध्ययन गरिएको थियो । नगरपालिकाको नीति तथा कार्यक्रम, वार्षिक योजना तथा बिभिन्न क्षेत्रगत कार्यक्रमहरुले लैससास क्षेत्रलाई कतिसम्म सम्बोधन गरेको छ भनेर अध्ययन गरिएको थियो । यसै गरि लैङ्गिक समताको सिद्धान्त, समविकासको सिद्धान्त, समावेशीकरणको सिद्धान्त तथा लैङ्गिक उत्तरदायित्वको सिद्धान्तलाई पालिकाको नीति तथा कार्यक्रमबाट आत्मसात गरिएको वा गरिनु पर्ने विषयहरुको अध्ययनको क्रममा खोजी भएको थियो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यविधि २०७६ ले तोकेका क्षेत्रहरुमा नीति, कानुन, योजना, संस्थागत व्यवस्थापन, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व मूल विषय क्षेत्र र यी क्षेत्र भित्र पर्ने पर्ने उपक्षेत्रहरु नीति कानूनमा समावेशिता, योजना तर्जुमा तथा कार्यान्वयन, बजेट तर्जूमा तथा कार्यान्वयन, कर्मचारी पदाधिकारी प्रतिनिधित्व, कार्यप्रणाली समावेशी, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व, कार्य प्रणालीमा समावेशीकरण, वित्त व्यवस्थापन प्रणालीमा समावेशिता, तथ्यांक सक्लन तथा व्यवस्थापन, मानव संसाधन तथा क्षमता विकास, अनौपचारिक मूल्य, मान्यता, र कुसंस्कार विरुद्ध जनचेतना, कानुनी साक्षरता, विपद् व्यवस्थापनमा समावेशिता, पूर्वाधार विकास, प्रजनन् स्वास्थ्य, शिक्षा कार्यक्रम, खानेपानी तथा सरसफाई, स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन, सुशासन,

उत्तरदायित्व र जवाफदेहिता, सूचना तथा संचार, अनुगमन तथा मूल्यांकन र समन्वय तथा सम्बन्ध विस्तार जस्ता उपक्षेत्रहरु यस लैससास परिक्षणका अध्ययनक्षेत्रहरु रहेका छन् ।

## ५.लैङ्गिक परीक्षणको विधि र प्रकृया

- औपचारिक रुपमा संचालन तथा सहजीकरण ,चित्र विधि
- छलफल, मस्तिष्क मन्थन, प्रस्तुतीकरण, चित्र विधि
- सहभागीहरुबाट आएका राम्रा अभ्यासहरु एकआपसमा साटासाट गरेर ।
- अन्तिममा सहभागीहरुबाट तालिमको मूल्यांकलन समेत गरेको
- लैङ्गिक परिक्षणका लागि यस शितगंगा नगरपालिकासँग प्रारम्भिक समन्वय पश्चात पालिकामा गएर लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण निर्देशिका २०७६ मा उल्लेख भए अनुसार ३ वटा चरणहरु पार गरि कार्य सम्पन्न गरिएको छ । जसलाई निम्न अनुसार चरणवद्ध उल्लेख गरिएको छ ।

### (क) तयारी चरण

यस तयारी चरणमा सर्वप्रथम सहजकर्ताबाट पालिकामा गई प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीसँग अन्तरक्रिया गरि लैङ्गिक परिक्षणका लागि आवश्यक पर्ने दस्तावेजहरु संकलन गर्ने कार्य गरिएको थियो भने सो क्रममा निर्देशिकामा उल्लेख भए अनुसार नगरपालिकाका उपपको नेतृत्वमा ३ सदस्यीय कार्यदल गठन गरि लैङ्गिक परिक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण तयारीका कामहरु सम्पन्न गरिएको थियो । यसका साथै नगरपालिकाबाट वार्षिक योजना, क्षेत्रगत योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षा, विकास बुलेटिन, नगरपालिकाको प्रोफाइल आदि दस्तावेजहरु संकलन गरिएका थिए । यी दस्तावेजहरु अध्ययन गरि कार्यान्वयन चरणमा छलफल गर्ने र सहभागीहरुलाई संकेतहरुमा अंक प्रदान गर्न सहज हुने गरि प्रशिक्षण गर्न तयारी गरिएको थियो । यसका अतिरिक्त कार्यशाला सञ्चालनका लागि आवश्यक पर्ने सामाग्रीहरु व्यवस्थापन गर्ने, संकेतहरु प्रिन्ट आउट गर्ने कार्य पनि गरिएको थियो । सूचकहरुको मापन सकिएपछि सहभागीहरुलाई विभिन्न समूहमा विभाजन गरि समूहगत कार्यबाट ५ वटा मूल शीर्षकहरू र २२ वटा सहायक शिर्षकहरुमा प्राप्त अंकहरूलाई प्राप्तांक बोर्ड, स्तम्भ चित्र र माकुरीजालोको चित्र बनाई सहभागीहरू माझ उक्त नमुना चित्र प्रस्तुत गरि सो माथि छलफल गरिएको थियो । सो चित्रको प्रस्तुतिकरणपछि सबल पक्ष, सुधारगर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विश्लेषण गरि चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिँदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा स्थानीय सरकारलाई लैङ्गिकमैत्री सरकारको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी बिकासका लागि एकिकृत कार्य योजना बनाई सो माथी छलफल समेत गरियो । त्यस्तै गरी नगरपालिकाका नगरप्रमुखको संयोजकत्वमा ११ सदस्य रहेको लैससास कार्यान्वयन समिति गठन गरिएको छ । जसको काम पालिकामा लैससास कार्यान्वयनको अवस्थाको विश्लेषण गर्ने र कार्यान्वयनमा जोड रहनेछ ।

**ख) कार्यान्वयन चरण**

**प्रारम्भिक सूचना संकलन**

नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि भए गरेका कार्य प्रगतिहरुका विषयमा जानकारी लिनका लागि सहजकर्ताले नगर प्रमुख प्रमुख प्रशासकीय अधिकृत, महिला बालबालिका शाखा प्रमुख विषयगत शाखाका प्रमुखहरुसँग प्रत्यक्ष छलफल गरि सूचनाहरु संकलन गरिएको थियो ।

- **लक्षित वर्गसँग छलफल**

यस नगरपालिकाले विकास मूलक गतिविधिहरु सञ्चालन गर्ने क्रममा महिला, बालबालिका र अन्य लक्षित वर्गलाई के कसरी समेटेर लिएको छ भन्ने बिषयमा जानकारी लिनका लागि सहजकर्ताले स्थानीय तहका दलित महिला सदस्य, महिला तथा बालबालिकाको क्षेत्र हेर्ने फोकल पर्सन लगायतका व्यक्तिसँग छलफल सञ्चालन गरिएको थियो । उनीहरुसँग लक्षितवर्गलाई बिकासको मूलधारमा ल्याउनका लागि भइरहेका पहलहरुका बिषयमा छलफल भएको थियो ।

- **कार्यशाला सञ्चालन**

नगरपालिकाका जनप्रतिनिधि पदाधिकारीहरु, विषयगत शाखाका प्रमुखहरुसँग अन्तरक्रियात्मक छलफल गर्ने र सो को आधारमा सहभागीहरुले लैङ्गिक परिक्षण गर्ने उद्देश्यले सहजकर्ताद्वारा कार्यशाला सञ्चालन गरिएको थियो । यसका लागि सबै सहभागीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण निर्देशिका २०७६ ले व्यवस्था गरे अनुरुप लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण किन र कसरी भन्ने विषयमा अनुशिक्षण/सहजीकरण गरिएको थियो ।

- **SWOT Analysis**

लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा नगरपालिकामा भएका अभ्यासहरुमा सबल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरुका बिषयमा समूहकार्य गरी छलफल गरिएको थियो ।

- **समूह विभाजन र प्रश्नावलीहरुमा अंक प्रदान**

लैससास कार्यविधि २०७६ अनुरुपका मूल विषयवस्तु अनुसार सहभागीहरुलाई एकमुष्ठ प्रश्नावलीहरुमा सामूहिक छलफल गरि सहमतिमा अंक प्रदान गर्न सहजीकरण गरिएको थियो । यदि उनीहरुले प्रश्नाबलीमा भएको निर्देशिका अनुसार १ वा ०.५ अंक प्रदान गरेमा त्यसका लागि सहयोगी प्रमाणहरु के के हुन आवश्यक छ भन्ने विषयमा सहजकर्ताबाट स्पष्ट रुपमा सहजीकरण गरिएको थियो ।

- **माकुरी जालो तयार**

अंक प्रदान गरे पश्चात उनीहरुले दिएको अंकको आधारमा माकुरी जालो तयार गरिएको थियो र सो को आधारमा सहभागीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा पालिकाले गरेका पहलहरुमा आधारित भइ सबल पक्ष, सुधारात्मक पक्षको विश्लेषण गरिएको थियो । माकुरी जालोमा प्राप्त परिणामका आधारमा सबल पक्षहरुलाई अझ राम्रो गर्दै जाने र सुधार गर्नु पर्ने पक्षलाई समेट्ने गरि

आर्थिक कार्ययोजना तयार गरिएको छ। यस कार्ययोजनामा गर्ने काम, जिम्मेवारी, समय र लागत अनुमान गरिएको छ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षणमा अनुसार आगामी दिनमा गर्ने कार्ययोजना तयार**

**(ग) प्रतिवेदन चरण**

सहभागीहरुले प्रश्नावलीहरुमा दिएको अंकको आधारमा माकुरी जालो तयार गरिएको थियो भने सो माकुरी जालो सहभागीहरुसंग प्रस्तुत गरेर सबल पक्ष र सुधारात्मक पक्षहरुलाई औंल्याइ सबल पक्षहरुलाई अझ राम्रोसँग अगाडि बढाउन र सुधारात्मक पक्षहरुलाई कार्यान्वय गर्नका लागि काम, जिम्मेवारी, समय सीमा र अनुमानित लागतको आधारमा कार्ययोजना तयार गर्ने काम सम्पन्न गरियो। सो आधारमा समग्र लैंगिक परिक्षणको प्रक्रियालाई दस्तावेजीकरण गर्ने उद्देश्यले कार्य सम्पन्न प्राविधिक प्रतिवेदन तयार गरियो।

## ६. लैङ्गिक परिक्षणका सहभागीहरु

| क्रस. | नाम थर | पदकार्यालय/ | सम्पर्क नं. | २०८२१५/१०/ |
|---|---|---|---|---|
| १. | श्री छविलाल पौडेल | नगर प्रमुख | ९८५७०२१४७६ | |
| २. | श्री गीता भाट | नगर उपप्रमुख | ९८४९२२६४६४ | |
| ३. | श्री कृष्ण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६९८१५ | |
| ४. | श्री मन्जु पन्थी | लेखा अधिकृत | ९८५७०७०४१३ | |
| ५. | श्री मान बहादुर सिंजापति | वडा अदक्ष्य वडा नं१. | ९८५७०२५१६१ | |
| ६. | श्री राम बहादुर गोर्खा क्षेत्री | वडा अदक्ष्य वडा नं२. | ९८४७४४३२५५ | |
| ७. | श्री चिन्तराज अधिकारी | वडा अदक्ष्य वडा नं३. | ९८५७०३४११५ | |
| ८. | श्री दामोदर अधिकारी | वडा अदक्ष्य वडा नं४. | ९८५७०७८०७१ | |
| ९. | श्री चन्द्रमणी वेल्वासे | वडा अदक्ष्य वडा नं५. | ९८४९४७६१६२ | |
| १०. | श्री ऋषि बहादुर रेश्मी | वडा अदक्ष्य वडा नं६. | ९८५७०६३३२७ | |
| ११. | श्री  देवी राम घिमिरे | वडा अदक्ष्य वडा नं७. | ९८५७०६११६५ | |
| १२. | श्री केशव प्रसाद बेल्वासे | वडा अदक्ष्य वडा नं१०. | ९८५७०६३७१९ | |
| १३. | श्री चोप ब घर्ती मगर | वडा अदक्ष्य वडा नं१२. | ९८६७२७१५१७ | |
| १४. | श्री गंगा थापा | का४ .सदस्य वडा नं .पा. | ९८४७३४३१४९ | |
| १५. | श्री कमला परियार | का६.सदस्य वडा नं .पा. | ९८६०७३२७६० | |
| १६. | श्री मान बहादुर नेपाली | का सदस्य वडा नं .पा.२ | ९८६८९५६९७२ | |
| १७. | श्री चुरा बहादुर विक. | का१०सदस्य वडा नं  .पा. | ९८६७००६९१८ | |
| १८. | श्री बिष्णु भट्टराई | का १२सदस्य वडा नं  .पा. | ९८४७५५१९८५ | |
| १९. | श्री बम बहादुर बि क | का१सदस्य वडा नं  .पा.१ | ९८६००१०१२६ | |
| २०. | श्री विष्णु क्षेत्री | वडा सदस्य वडा नं २ | ९८६७७३६९११ | |
| २१. | श्री लक्ष्मी सुनार | वडा सदस्य वडा नं २ | ९८४०४८७९८७ | |
| २२. | श्री नारायण क्षेत्री. | वडा सदस्य वडा नं२. | ९८५७०६३५४७ | |
| २६. | श्री नेत्र बहादु गुरुङ्ग | वडा सदस्य वडा नं.२ | ९८४३१८८०३९ | |
| २७. | श्री भगवता सुनार | वडा सदस्य वडा नं.२ | ९८४०४८७९८७ | |
| २८. | श्री सुर्य सारु | वडा सदस्य वडा नं.६ | ९८६७८८५५१७ | |

| | | | | |
|---|---|---|---|---|
| २९. | श्री टान बहादुर वि सी | वडा सदस्य वडा नं१.३ | [illegible]४८३३० | |
| ३०. | श्री विनोद पोखेल | शिक्षा शाखा प्रमुख | ९८५७०६९८२० | |
| ३१. | श्री मधु पौडेल | सु प्र अ | ९८५७०६९८२२ | |
| ३२. | श्री शिवकला विश्वकर्मा | सहकारी प्रतिनिधी | ९८४७४१२१०७ | |
| ३३. | श्री मिना पौडेल | सहकारी व्यवस्थापक | | |
| ३४. | श्री नुमलाल खनाल | योजना शाखा प्रमुख | ९८५७०६९८१७ | |
| ३५. | श्री अनिल शर्मा | कृषि शाखा | ९८४७१३४८७१ | |
| ३६. | श्री रमेश बेल्बासे | रोजगार शाखा | ९८५७०७८९१५ | |
| ३७. | श्री रमा पाण्डे | प्रशासन शाखा | ९८५७०७०६७१ | |
| ३८. | श्री लक्ष्मण पौडेल | स्वास्थ्य शाखा | ९८४७०६६५१४ | |
| ३९. | श्री मनिस बुढा थोकी | पशु शाखा | | |
| ४०. | श्री अजय कुमार यादव | उद्योग शाखा | ९८४४८९६०६२ | |
| ४१. | श्री धर्मराज बन्जाडे | पञ्जिकरण शाखा | ९८६९३०६६७७ | |
| ४२. | श्री अर्चना पाण्डे | आयुर्वेद शाखा | | |
| ४३. | श्री ऋषिराम घिमिरे | न्यायिक समिति | ९८५७०६३१२७ | |
| ४४. | श्री पुजा न्यौपाने | महिला शाखा | ९८४९१८४८७३ | |
| ४५. | श्री कमल पन्थी | राजश्व शाखा | ९८४७०३०४३५ | |
| ४६. | श्री चन्द्रिका प्रसाद पाल | कृषि शाखा | ९८६४५७३१०० | |
| ४७. | श्री लक्ष्मी भट्टराइ | योजना शाखा | ९८५७०६९८२४ | |
| ४८. | श्री तेज कुमार बेल्बासे | प्राविधिक शाखा | ९८६४२८२६२५ | |
| ४९. | श्री अजित कुमार यादव | पशु शाखा | ९८०७७३१५९२ | |
| ५०. | श्री तारापति क्षेत्री | लै .स. स. स. सा. | ९८४७१०८०४३ | |
| ५१. | श्री नारायण पाण्डे | प्राविधिक शाखा | ९८५७६५८४४४ | |
| ५२. | ओम प्रकाश पाण्डे | जिन्सी शाखा | ९८५७०६९८१९ | |
| ५३. | श्री चन्द्रकला डाँगी | पशु शाखा | ९८४११०२७३४ | |
| ५४. | श्री हेमकला वि क | का१सदस्य वडा नं .पा.० | ९८४७३२९४६५ | |
| ५५. | श्री पुष्पा गाहा | का सदस्य वडा नं .पा.९ | ९८६८९५६९७२ | |
| ५६. | श्री सकुन्तला भाटक्षेत्री | का स | ९८६५५७३०६२ | |
| ५७. | श्री सुमित्रा नेपाली | का स | ९८६९०३७९७६ | |
| ५८. | श्री रविना नेपाली | का स | ९८६७४५७११४ | |
| ५९. | श्री चोप ब कुवर | का स | ९८५७०७४११८ | |
| ६०. | श्री प्रकाश अधिकारी | का स | ९८५७०६९८०८ | |
| ६१. | श्री तुल्सा भाट | वडा सदस्य वडा नं१३ . | ९८४२११३७९० | |
| ६२. | श्री नारायण सुनार | वडा सदस्य वडा नं४ . | ९८४८५५७४६१ | |
| ६३. | श्री राज कुमार सिंजाली | शिक्षा शाखा | ९८४३६४१९२६ | |
| ६४. | श्री करिना थारु | अमिन | | |
| ६५. | श्री सन्तोष पन्थी | सहायक लेखा अधिकृत | ९८५७०६९८१६ | |
| ६६. | श्री चन्द्र बहादुर रेश्मी | कास. | ९८४७०४७६३३ | |
| ६७. | श्री कमला कुमारी बुढा | उद्यम विकास सहजकर्ता | ९८४६६८८५६१ | |

## तथ्यांक प्रस्तुतीकरण खण्ड

## ७.तथ्याङ्क प्रस्तुतीकरण र व्याख्या विभिन्न तालिकाहरुमा

यस पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा यस पालिकाको नीति,कानून तथा योजनामा १२.५ अंक, संस्थागत व्यवस्थामा ८.५ अंक, मानव संशासनधन तथा क्षमता विकासमा १०.५ अंक, सेवा प्रवाहमा १३ अंक र सुशासन तथा उत्तरदायित्वमा १२ अंक गरी जम्मा ५६.५ अंक प्राप्त भएको छ । यस पालिकाको समग्र अवस्थाको विश्लेषण गर्दा जम्मा पूर्णाङ्कमा १०० मा प्राप्ताङ्क ५६.५ अंक प्राप्त भएको छ । त्यसै गरी उपसूचकको हिसाबले विश्लेषण गर्दा पालिकाले प्राप्त गरेको अंक नीति र कार्यमा समावेशीता सहभागितामा ६ अंक, योजना तर्जुमा तथा कार्यान्वयनमा ४.५ अंक, बजेट तर्जुमा तथा कार्यान्वयनमा २ अंक, कर्मचारी पदाधिकारी प्रतिनिधित्व ३ अंक, कार्य प्रणालीमा समावेशी १ अंक, समिती उपसमिती र कार्य दलमा प्रतिनिधित्व १.५ अंक, वित्त व्यवस्थापन प्रणालीमा समावेशिता २ अंक, तथ्यांक संकलन तथा व्यवस्थापनमा १ अंक, मानव संशाधन तथा क्षमता विकास ४ अंक, अनौपचारिक मुल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना २ अंक, कानूनी साक्षरता १ अंक विपद व्यवस्थापनमा समावेशिता ३.५ अंक, पूर्वाधार विकास २.५ अंक, प्रजनन् स्वास्थ्य २ अंक शिक्षा कार्यक्रम ३.५ अंक, खानेपानी तथा सरसरफाई २.५ अंक, स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन २.५ सुशासन २ अंक, उत्तरदायित्व र जवाफदेहिता ४ अंक, सूचना तथा संचार २.५ अंक, अनुगमन तथा मूल्यांकन २.५ अंक, समन्वय र सम्बन्धविस्तार १ अंक समग्रमा विश्लेषण गर्दा जम्मा ५६.५ अंक प्राप्त गरेको छ ।

## ८. लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका लागि कार्यबिधिमा उल्लेख गरिएका प्रमुख ५ वटा मूल शीर्षक विषयवस्तु र ती विषयवस्तुका पनि थप उपशीर्षक विषयवस्तुका १०० सुचकहरुमा सहभागीहरुले उपलब्ध गराएको अंकका आधारमा प्राप्त गरेको अंकलाई विश्लेषण गरिएको थियो । ती सूचकहरुमा अंक प्रदान गर्दा सहभागीहरुले कस्तो अवस्थामा पूर्णाङ्क अर्थात १ अंक दिने, कस्तो अवस्थामा ०.५ अंक दिने र कस्तो अवस्थामा ० अंक दिने भन्ने विषयमा सहभागीहरुलाई स्पष्ट हुने गरि सहजीकरण गरिएको हुँदा अंक प्रदान गर्ने प्रणाली व्यवस्थित एवम् वैज्ञानिक छ । यसरी सहभागीहरुले उपलब्ध गराएको अंकको आधारमा माकुरी जालो प्रयोग गरिएको थियो । यसका अतिरिक्त नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा के कस्ता कामहरु गरिरहेको छ र अब अरु के कस्ता कामहरु गर्न सकेको खण्डमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण निर्देशिकाले उल्लेख गरेका प्रावधानहरुको सम्बोधन हुन्छ भन्ने कुरा पत्ता लगाउन SWOT विश्लेषणको अभ्यासलाई पनि लैङ्गिक परिक्षणको औजारको रुपमा प्रयोग गरिएको थियो ।

## ९. लैङ्गिक परीक्षणबाट आएका मुख्य उपलब्धी प्राप्तीहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरिसकेपछि नगरपालिका मार्फत सञ्चालन भइरहेका विभिन्न क्रियाकलापहरुमा लैङ्गिक संवेदनशीलताको अभ्यासको अध्ययन तथा पृष्ठपोषण प्राप्त भएको छ । नगरपालिकाले गरेका असल अभ्यासहरु र कमीकमजोरीहरुका विषयमा आगामी दिनमा कसरी राम्रो बनाउन सकिन्छ भन्ने विषयमा घनिभुत छलफल तथा मन्थन गरी लैससास नीति तथा कार्यक्रमहरुको अन्तराल विश्लेषण गरि नयाँ कार्यक्रमहरु सहितको कार्य योजना तयार गरिएको छ । आगामी दिनमा नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाई थप

सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नका लागि पनि परिक्षणले अझै प्रोत्साहित गरेको छ । मुख्यतया लैससास परिक्षण पश्चात निम्नानुसार उपलब्धीहरु तथा प्राप्तीहरु पहिल्याउन सकेका छन ।

- निर्णय प्रक्रियामा महिला सहभागिता बढाउनका लागि बिभिन्न योजना अन्तरगतका उपभोक्ता समितिमा प्रतिनिधित्व गर्ने महिलाहरुले अर्थपूर्ण सहभागिता राम्रो रहेको देखिएको छ ।

- नगरपालिकाले संचालन गरेका कार्यक्रमहरु बनाउने नीति, कानून बजेट र योजनाहरु लैससासमैत्री हुनुपर्ने रहेछ भन्ने बुझाई भएको छ।

- शितगंगा नगरपालिका क्षेत्रफलको हिसावले देशकै ठूलो पालिका भएकोले बिबिधतालाई बुझेर नीति, योजना, कार्यक्रम र बजेट निर्माण गर्दा लैससासमैत्री गर्नुपर्ने बुझाई भएको छ ।

- सार्वजनिक क्षेत्रमा महिला सहभागिता बढ्दै गएको देखिएको छ ।

- लैङ्गिक हिंसाका घटनाहरुमा महिलाहरुले न्याय पाएको (न्यायसमिती मार्फत)/ हानिकारक अभ्यासहरु । जस्तैः जातिय छुवाछुत, बोक्सी लगायतका आरोपहरु) कम भएको ।
- पालिकाले विपद्मा परेका महिला, असक्त, सुत्केरी, गर्भवती र ज्येष्ठनागरीकालाई प्राथमिकतामा राखेर काम गरेको ।

- बन्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्था एकीकृत रुपमा गर्न सुरुवात गरेको देखिन्छ ।

- महिला अधिकार स्थापना र महिलामाथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान (जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, बालअधिकार दिवश, अन्तराष्ट्रिय महिला दिवस लगायतका) संचालन गर्ने गरेको छ ।

- नगरपालिकाभित्रका गर्भवती महिलाहरुलाई निशुल्क अल्ट्रासाउण्ड (भिडियो एक्सरे) सेवाको व्यवस्था गरेको छ ।

- जातिय छुवाछुत र भेदभाव तथा नेतृत्व बिकास सम्बन्धी विभिन्न तालिमहरु वडा मार्फत संचालन गरेको ।

## मुख्य (Findings)

## १०. लैससास बजेट परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

### १०.१. परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेका अंक


नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक परिक्षण गरिसकेपछि प्रमुख ५ वटा मूल विषय र २२ वटा उपविषयका १०० वटा सुचकहरुले प्राप्त गरेको अंकलाई विश्लेषण गरि छलफल गरिएको थियो । यस आधारमा लैङ्गिक परिक्षणमा पालिकाको अवस्था तालिकामा देखाइएको छ । कुल १०० पूर्णाङ्कमा ५६.५


प्रप्ताङ्कले लैससास क्षेत्रमा नगरपालिकाको सामान्य अवस्था भएको देखिन्छ । २० पूर्णाङ्क भएका पाँचवटै बिषयमा नीति, कानून र योजना, संस्थागत व्यवस्था, मानव संशाधन र क्षमता विकासमा विशेष ध्यान पुर्याउनु पर्ने आवश्यक छ । साथै २२ वटा उपशीर्षक नीति र कानूनमा समावेशीता, संस्थागत विकास, जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास र सुशासन, तथा समन्वय र सम्वन्ध विस्तार जस्ता क्षेत्रहरुमा लैससासको दृष्टिकोणले अत्यान्त्यै कमजोर भएकोले लैङ्गिक संवेदनशिलताक हिसाव सुधार गर्नुपर्ने देखिन्छ ।

## १०.२. लैङ्गिक परीक्षण पश्यात सूचकहरुले प्राप्त गरेका अंक

**शितगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**
**मूल शीर्षक विश्लेषण**

| | मूल शीर्षक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति कानून र योजना | २० | १२.५ |
| २ | संस्थागत व्यवस्था | २० | ८.५ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | १०.५ |
| ४ | सेवा प्रवाह | २० | १३ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १२ |
| | **जम्मा** | **१००** | **५६.५** |





शितिगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण डायग्राम विश्लेषण
25
20
15
10
5
0
नीति कानून योजना
संस्थागत व्यवस्था
मानव संसाधन तथा क्षमता विकास
सेवा प्रवाह
५. सुशासन तथा उत्तरदायित्व
पूर्णाङ्क
प्राप्तअंक


## शितगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण उपसूचक विश्लेषण

| सिनं | सहायक विषय | अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति र कानूनमा समावेशिता /सहभागिता | ८ | ६ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ४.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २ |
| ४ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | ३ |
| ५ | कार्य प्रणाली समावेशी | ४ | १ |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | १.५ |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २ |
| ८ | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | ४ | १ |
| ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | ४ |
| १० | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | २ |
| ११ | कानूनी साक्षरता | ४ | १ |
| १२ | विपद व्यवस्थापनमा समावेशिता | ४ | ३.५ |
| १३ | पूर्वाधार विकास | ४ | २.५ |
| १४ | प्रजनन् स्वास्थ्य | ४ | २ |
| १५ | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| १६ | खानेपानी तथा सरसफाइ | ४ | २.५ |
| १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २.५ |
| १८ | सुशासन | ४ | २ |
| १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ४ |
| २० | सूचना तथा संचार | ४ | २.५ |
| २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | २.५ |
| २२ | समन्वय र सम्बन्ध बिस्तार | ४ | १ |
| | जम्मा | १०० | ५६.५ |

## शितगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण उपसूचक माकुरेजालो विश्लेषण

२०८१।०८२




० १ २ ३ ४ ५ ६ ७ ८ ९
नीति र कानूनमा समावेशिता...
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्य प्रणाली समावेशी
समिति, उपसमिति र कार्यदलमा...
तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन
मानव संसाधन तथा क्षमता विकास
अनौपचारिक मूल्य, मान्यता र...
कानूनी साक्षरता
विपद व्यवस्थापनमा समावेशिता
पूर्वाधार विकास
प्रजनन स्वास्थ्य
खानेपानी तथा सरसफाइ
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध विस्तार
अङ्क प्राप्ताङ्क

११. स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

| मुख्य सुचक | सबल पक्ष) Strength) | कमजोर पक्ष (Weakness ) | अवसर (Opportunity) | चुनौती (Threat) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 1.नीति, कानून र योजना | • स्थानीय तहमा महिला तथा बञ्चितिमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाइएको ।<br>• उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य रहेको ।<br>• नगरपालिकामा विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको<br>• स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समुहको सक्रीय सहभागीता हुने र लक्षित समुहले छनोट गरेका योजना प्राथमिकतामा पर्ने गरेको । | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यविधि तयार नभएको ।<br>• योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने नगरिएको<br>• महिला,बालबालिका, अपाङ्गता भएका व्यक्ति,यौनिक तथा अल्पसंख्यकहरुको खण्डिकृत तथ्यांङ्क नभएको<br>• नगरपालिकाले योजना तर्जुमा तथा अनुगमन | • बिबिध समुदायको सहभागितामा समावेशी अभ्यासलाई व्यवहारमै लागू गर्ने<br>• नमुना सामाजिक समावेशीकरण कार्यक्रम विकास गर्ने<br>• स्थानीय सन्दर्भअनुसार लैससासमैत्री नीति–कानून निर्माण गर्न सकिने<br>• युवा जोस र नवीन सोचलाई लैससास कार्यान्वयनमा प्रयोग गर्न सकिने<br>• डिजिटल र नविन अभ्यास छिटो अपनाउन सकिने<br>• लैससास सुधार गरी थप अनुदान तथा सहयोग आकर्षित गर्न सकिने<br>• LISA स्कोर सुधार गर्दै समावेशी बजेट विनियोजन गर्न सकिने<br>• संस्थागत मूल्याङ्कनमा सकारात्मक प्रभाव<br>• SDG–५ स्थानीयकरण गरी लैङ्गिक समानता कार्यक्रम विस्तार गर्न सकिने<br>• कानुनी आधारमा समान ज्याला र अधिकार कार्यान्वयन गर्न सकिने | • समुदायगत सोच र मान्यताले समान अभ्यासमा अवरोध<br>• सबै समूहको सन्तुलित सहभागिता सुनिश्चित गर्न कठिन<br>• प्राविधिक कानुनी क्षमताको अभाव<br>• नीति बने पनि कार्यान्वयन कमजोर हुने जोखिम<br>• अनुभवको कमीका कारण नीति–प्रक्रियामा त्रुटि<br>• उच्च स्थानान्तरण दरले निरन्तरता नहुने |

| | | | | |
|---|---|---|---|---|
| | • स्थानीय तहका उपभोक्ता समितीहरुमा लक्षित समुहका प्रतिनिधि सहित ४० प्रतिशत महिलाहरुको सहभागीता भएको ।<br>• बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला,बालबालिका तथा लक्षित वर्ग र समुदायसँग छलफल गरिएको<br>• नगरपालिकाको लैङ्गिक समानता तथा समामाजिक समावेशीकरण नीति निर्माण नभएको | मूल्याङ्कनलाई लैससासको दृष्टिले हेर्ने नगरेको ।<br>• लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षणलाई बजेट व्यवस्थापन नभएको ।<br>• दिगो विकासको लक्ष्य नं ५ लाई तोकेर बजेट विनियोजन नगरिएको ।<br>• स्थानीय नीति तथा कानूनमा महिला,पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान नरहेको ।<br>• नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितीले बजेट | • श्रम शोषण विरुद्ध स्थानीय पहल सशक्त हुने<br>• परिपत्रलाई आधार मानी लक्षित वर्गमैत्री बजेट निर्माण गर्न सकिने<br>• योजना प्रक्रियामा समावेशीकरण संस्थागत हुने | • प्रतिवेदन तयार गर्ने प्राविधिक क्षमता अभाव<br>• कागजी प्रतिवेदनमै सीमित हुने जोखिम<br>• सूचक बुझाइको अभाव<br>• बजेट छुट्याए पनि परिणाम देखाउन कठिन ।<br>• लक्ष्य धेरै, स्रोत सीमित हुने व्यवहारिक समस्या<br>• SDG लाई योजनासँग जोड्न कठिन ।<br>• व्यवहारमा कानुन कार्यान्वयन कमजोर ।<br>• अनुगमन संयन्त्र प्रभावकारी नहुनु |

| | | | | |
|---|---|---|---|---|
| | | सीमा निर्धारण गर्दा महिला,बालबालिका तथा सबै लक्षित समुहको अवश्था विश्लेषणको आधारमा सो समुहलाई प्रतक्ष्य फाईदा पुग्ने गरी कुल पुजीगत बजेटको निश्चित प्रतिशत छुटयाउने नगरेको । | | • परिपत्रलाई औपचारिकतामा मात्र सीमित गर्ने प्रवृत्ति<br>• निर्देशन र स्थानीय अभ्यासबीच समन्वय अभाव |

| मुख्य सुचक | सबल पक्ष )Strength) | कमजोर पक्ष (Weakness ) | अवसर (Opportunity) | चुनौती (Threat) |
|---|---|---|---|---|
